मधेश प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा नेपाल

(प्रशासन शाखा)

☎+९७७४१-५२३१३३
५२५३३८, ५२५७३३

✉cm.p2.gov.np@gmail.com
www.ocmcm.p2.gov.np

पत्र.संख्या :२०७८।०७९
च.नं.: १२६२

मितिः २०७९।०१।०८

**विषयः- मधेश प्रशासन जर्नल सम्बन्धमा।**

**श्री प्रदेश सभा सचिवालय**
**श्री सवै मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय,**
**मधेश प्रदेश।**

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश जनकपुरधामवाट "मधेश प्रशासन जर्नल" पत्रिकाको पहिलो अंक शीघ्र प्रकाशन हुन गइरहेको छ। यस अंकलाई उपयोगी, विश्लेषणात्मक, विचारमुलक, ज्ञानवर्द्धक र समसामायिक बनाउन विभिन्न विद्वान लेखकहरुसंग संघीयता, सार्वजनिक सेवा प्रवाह, विकास प्रशासन, प्रशासनिक पुनः संरचना, सुशासन तथा व्यवस्थापन र जनप्रशासन विषयमा केन्द्रीत रही लेखहरु संकलन गर्ने कार्य भइरहेकोले उक्त पत्रिकामा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुलाई मिति २०७९।०१।३० भित्र आफ्नो रचना OCMCM@p2.gov.np पठाउनहुन सम्बन्धित सवैलाई सूचना गरीदिनुहुन आदेशानुसार अनुरोध छ। अन्य जानकारी यसै साथ संलगन सूचनावाट प्राप्त गर्नहुन अनुरोध छ।

..................
सुरेन्द्र कुमार कर्ण
अधिकृत आठौं

## "मधेश प्रशासन जर्नल" पत्रिका प्रकाशनको लागि लेख, रचना उपलब्ध गराउने सम्बन्धी सूचना

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश जनकपुरधामवाट **"मधेश प्रशासन जर्नल"** पत्रिकाको पहिलो अंक शीघ्र प्रकाशन हुन गइरहेको छ । यस अंकलाई उपयोगी, विश्लेषणात्मक, विचारमुलक, ज्ञानवर्द्धक र समसामायीक बनाउन विभिन्न विद्वान लेखकहरुसंग संघीयता, सार्वजनिक सेवा प्रवाह, विकास प्रशासन, प्रशासनिक पुनः संरचना, सुशासन तथा व्यवस्थापन र जनप्रशासन विषयमा केन्द्रीत रही लेखहरु संकलन गर्ने कार्य भइरहेकोले उक्त पत्रिकामा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुवाट न्यूनतम ३००० (तिन हजार) र बढीमा ५००० (पाँच हजार) शव्दहरुको उपयूक्त लेखरचना यही २०७९ सालको बैशाख ३० गते सम्म पठाउनुहुन आव्हान गरिन्छ । प्रकाशनको लागि पठाइने लेख/रचनाको माध्यम भाषा नेपाली भए युनिकोड फन्टको साईज ११ र अंग्रेजी भए Times New Roman फन्टको साईज १२ मा टाइप गरिएको हुनुपर्नेछ । लेखकले आफ्नो लेख/रचनामा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने विषयहरु देहाय बमोजिम रहेका छन् ।

**क.** लेखको शुरुमा सार जनाउने साराशं

**ख.** मुख्य लेख/ विषयबस्तु

**ग.** अन्त्यमा निष्कर्ष

**घ.** लेख रचना तयार गर्न प्रयोग भएका सन्दर्भ सामग्रीको स्रोत अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ साथै लेखकले आफ्नो इमेल ठेगाना र फोन नम्बर उल्लेख गरी लेखकको हालसालै खिचेको फोटो समेत पठाउन अनुरोध गरिन्छ ।

लेख रचनाहरु ईमेल ठेगाना OCMCM@p2.gov.np पठाउन सकिन्छ । यस सम्बन्धि विस्तृत जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको वैठक वा फोन नं. ९८४४४२६३८० मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**पुनश्चः** उपरोक्तानुसार विवरणहरु उल्लेख नभई आएका लेखहरु प्रकाशन गर्न सम्पादन मण्डल वाध्य हुने छैन । साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउन हुन समेत अनुरोध छ ।

**नोटः** स्तरिय, विश्लेषणात्मक, समसामयिक लेखहरुलाई प्राथमिक्तामा राखिनेछ । प्राप्त लेख रचनाहरुलाई परिमार्जन गर्ने, प्रकाशन गर्ने/नगर्ने सर्वाधिकार सम्पादक मण्डलमा रहनेछ ।

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल